# मंगला गाउँ कार्यपालिकाको मिति २०७९/०८/०६ को निर्णय

(स्वीकृत मितिः २०७९/०८/०७)

## मंगला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बाबियाचौर, म्याग्दी

# मंगला गाउँ कार्यपालिकाको मिति २०७९/०८/०६ को निर्णय

**प्रस्तावनाः**

१. गत बैठकको समीक्षा सम्बन्धमा
२. गण्डकी प्रदेशको “स्थानीय सेवा (गठन तथा सञ्चालन अध्यादेश) २०७९” अनुसार कार्मचारीको स्तरबृद्धि सम्बन्धमा

निर्णयहरुः

१. गत मिति २०७९ कार्तिक २२ गते बसेको गाउँ कार्यपालिको बैठकको समीक्षा गरियो ।
२. लोक सेवा आयोग अनामनगर, काठमाण्डौंको प.सं. अ.सि. ९ (५)/०७६-०७७, च.नं. २४ मिति २०७६/०८/१५ को सिफारिस पत्र बमोजिम वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कागबेनी, मुस्ताङको च.नं. २५८, मिति २०७६/०८/१७ को नियुक्ति पत्रबाट सोहि स्थानीय तहको प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृत स्तर छैटौंमा स्थानीय नियुक्त हुनु भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिँहदरवार, काठमाण्डौको पत्र संख्याः २०७८/०७९, च.नं. १८८४, मिति २०७८/१२/१४ को पत्रबाट यस कार्यालयमा कामकाज गर्न खटिनु भएका अधिकृत छैटौं श्री सुदर्शन पौडेल (क.सं.नं. २३८६६४) ले गण्डकी प्रदेशको “स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९” को दफा ९ उपदफा १ बमोजिमको योग्यता पुरा गर्नु भएको र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखराको पत्र संख्याः २०७९/०८०, च.नं. ४७५, मिति २०७९/०६/२५ को पत्र बमोजिम अध्यादेश जारी भएको मिति २०७९/०६/०७ गते देखी लागू हुने गरी निज अधिकृत छैटौं श्री सुदर्शन पौडेलको पदलाई सोहि अध्यादेशको दफा ९ को उपदफा १ बमोजिम गण्डकी प्रदेशको स्थानीय सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृत स्तर सातौ तह कायम गर्ने निर्णय गरियो ।